**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार**
**उच्चायुक्तको कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति – २०६४ असोज १**

---

**राष्ट्रिय मानवअधिकार आयोगमा भएको नियुक्ति एउटा महत्त्वपूर्ण उपलब्धि: उच्चायुक्तको कार्यालय-नेपाल**

राष्ट्रिय मानवअधिकार आयोगमा आयुक्तहरूको हालै भएको नियुक्ति नेपालमा मानवअधिकारका लागि एउटा महत्त्वपूर्ण उपलब्धि हो। मानवअधिकारको संवर्द्धन तथा संरक्षणमा नेतृत्वदायी भूमिका खेल्नुपर्ने महत्त्वपूर्ण समयमा आयुक्तहरूको अभावले एक वर्षभन्दा बढी समयदेखि आयोगको कार्यसञ्चालनमा बाधा पुगेको छ।

आयुक्तहरूको नियुक्ति आयोगलाई आफ्नो स्वतन्त्रता कायम राख्ने तथा मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरूलाई उँचो राख्ने एक विश्वसनीय मानवअधिकार संस्थाको रूपमा विकास गर्ने एक अवसर हो। नयाँ आयुक्तहरूका समक्ष आफ्ना जिम्मेवारीहरू पूरा गर्ने चुनौतीपूर्ण कार्य छ। सौभाग्यवश, आयोगसँग राष्ट्रव्यापी पूर्वाधार तथा कर्मचारीहरू पहिलेदेखि नै छन् जसले नयाँ आयुक्तहरूको नेतृत्वमा संस्थालाई सबल बनाउने ठोस आधार तयार गर्दछ।

उच्चायुक्तको कार्यालयले नियुक्ति प्रक्रिया स्वयंको कैयन समूहहरूबाट भएको आलोचनालाई ध्यानमा लिएको छ तथा आयोगका आयुक्तहरूको नियुक्ति प्रक्रियाले बहुलवाद, विविधताको सम्मान र समाजका सबै "नागरिक शक्तिहरू"को सक्रिय र व्यापक सहभागिता सुनिश्चित गर्नुपर्नेलगायतका मानवअधिकार संस्थासम्बन्धी सम्बद्ध अन्तर्राष्ट्रिय मापदण्डहरू (पेरिस सिद्धान्त)को पालनाको महत्त्वलाई दोहऱ्याएको छ। आगामी महिना राष्ट्रिय मानवअधिकार संस्थाहरूको अन्तर्राष्ट्रिय संयोजन समितिले पेरिस सिद्धान्तहरूको पालनामा आयोगको अवस्थाको समीक्षा गर्नेछ। यो कार्यालय सरकारसँग आफूले सुरु गरेको प्रक्रियामा थप बल पुऱ्याउन र आयोगलाई भविष्यमा अन्तर्राष्ट्रिय मापदण्डहरूसँग पूर्ण अनुकूल बनाउन आग्रह गर्दछ।

> "नयाँ प्रमुख आयुक्त सम्माननीय केदारनाथ उपाध्यायसँग मेरो कुराकानी भइसकेको छ तथा उच्चायुक्तको कार्यालय आयोगसँग मिलेर काम गर्न सकिने र अन्य अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मानवअधिकारसम्बन्धी संयन्त्रहरूको सहयोगमा आयोगलाई सबै नेपालीको मानवअधिकारका लागि कार्य गर्ने एउटा स्वतन्त्र, विश्वसनीय र प्रभावकारी संस्थामा विकसित हुन मद्दत गर्न सकिने उपायबारे छलफल गर्न नयाँ आयुक्तहरूसँग जतिसक्दो चाँडो भेट गर्न म प्रतीक्षा गर्दछु," मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि रिचर्ड बेनेटले भन्नुभयो।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, ext 321 or (+977) 98510 16922 (mobile), Website: http//:nepal.ohchr.org